# PG Part–I (DE) Exam., 2016

## २ ० १ ६

# नेपाली

## पहिलो पत्र

( सामान्य भाषाविज्ञान र नेपाली भाषा-को अध्ययन )

## प्रथमार्द्ध

( सामान्य भाषाविज्ञान )

*समय :* २ घण्टा *पूर्णाङ्क :* ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. भाषाशास्त्र र भाषाविज्ञान शब्दको प्रयोग-परम्परा र अर्थगत वैशिष्ट्य प्रस्ट पार्दै एउटा स्वतन्त्र ज्ञानानुशासनका रूपमा भाषाविज्ञानको क्षेत्र र यसका सीमाबारे आधारभूत मान्यताहरूमाथि प्रकाश पार्नुहोस्। २०

**अथवा**

भाषिक ध्वनिको प्रकृति र स्वरूप चिनाउँदै औच्चारिक ध्वनिविज्ञानको विशद चर्चा गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) रूपविज्ञान

(ख) ऐतिहासिक-तुलनात्मक भाषाविज्ञान

(ग) वर्णसिद्धान्त

(घ) रूपसन्धिविज्ञान

३. तलका कुनै **पाँचवटा** विषयमा टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सात** वाक्यभित्र लेख्नुपर्छ : २×५=१०

(क) यादृच्छिकता

(ख) संरचनागत द्वयात्मकता

(ग) आपरिवर्तित द्वित्व

(घ) संयुक्त क्रियापद

(ङ) व्यतिरेकी वितरण

(च) अन्तर्मुखी श्लिष्टता

(छ) स्वनिमिक समानान्तरता

(ज) भाव

(झ) कृदन्त

(ञ) खण्डेतर वर्ण

★★★

# PG Part–I (DE) Exam., 2016

## २ ० १ ६

# नेपाली

पहिलो पत्र

**( सामान्य भाषाविज्ञान र नेपाली भाषा-को अध्ययन )**

द्वितीयार्द्ध

**( नेपाली भाषाको अध्ययन )**

*समय* : २ घण्टा *पूर्णाङ्क* : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. भाषिक ध्वनिको उच्चारण प्रक्रियामाथि प्रकाश पार्दै नेपाली अन्तःस्थ र उष्म ध्वनिहरू-का औच्चारिक विशेषताहरूबारे सोदाहरण चर्चा गर्नुहोस्। २०

**अथवा**

नेपाली क्रिया-रूपविज्ञानका मूल विशेषताहरू चिनाउँदै संयुक्त क्रियापदहरूको रूप-रचना प्रणालीबारे सोदाहरण चर्चा गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) नेपाली भाषाका छान्दस तत्त्व

(ख) नेपाली भाषाको विकासमा भोट-हिमाली वर्गका भाषाहरूको भूमिका

(ग) नेपाली साउँ अक्षर र तिनको उच्चारण

(घ) नेपाली भाषाको उद्भव

३. कुनै **पाँचवटा** विषयबारे टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सातवटा** वाक्यभित्र लेख्नुपर्छ : २×५=१०

(क) नेपालीमा अयोगवाह

(ख) मानक नेपाली

(ग) 'वृहद् नेपाली व्याकरण'

(घ) नेपाली शब्द-भण्डारका मूल स्रोत

(ङ) तडित नेपाली व्यञ्जन

(च) नेपालीमा ह्रस्व र अतिह्रस्व ध्वनिको स्थिति

(छ) नेपाली अव्यय

(ज) 'ए कम्प्यारेटिव् एन्ड इटाइमोलजिक डिक्सनरी अव् नेपाली'

(झ) नेपाली नासिक्य वर्णहरू

(ञ) 'रचना केशर'

★★★

# PG Part–I (DE) Exam., 2016

## २ ० १ ६

## नेपाली

दोस्रो पत्र

**( नेपाली साहित्यको इतिहास )**

**प्रथमार्द्ध**

**( साहित्येतिहासको अवधारणा, अध्ययन पद्धति र आधुनिककालपूर्वको नेपाली साहित्यको इतिहास )**

*समय* : २ घण्टा      **पूर्णाङ्क : ५०**

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. इतिहास-दर्शनबारे जानकारी दिँदै साहित्येतिहास लेखनको योजना विधि र प्रस्तुतिमाथि प्रकाश पार्नुहोस्। २०

**अथवा**

नेपाली साहित्येतिहासको इतिहास लेखन-परम्पराको समीक्षा गर्दै यस क्षेत्रमा देखापरेका समस्याहरू प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) माध्यमिककालीन गद्याख्यानका प्रवृत्ति

(ख) साहित्येतिहास र साहित्यालोचनामा भेद-साम्य

(ग) साहित्येतिहासको काल-विभाजनका आधार

(घ) माध्यमिककालीन नेपाली कविताका प्रवृत्ति

३. निम्न कुनै **पाँचवटाबारे** टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सात** वाक्यभित्र हुनु आवश्यक छ : २×५=१०

(क) 'दिव्योपदेश'

(ख) सुवानन्ददास

(ग) 'पिनासको कथा'

(घ) आलोचनात्मक इतिहास

(ङ) 'मकै पर्व'

(च) 'मोती मण्डली'

(छ) कार्य-कारण सम्बन्ध

(ज) 'कवि भानुभक्ताचार्यको जीवनचरित्र'

(झ) अतिव्याप्ति दोष

(ञ) 'उदयलहरी'

★ ★ ★

# PG Part–I (DE) Exam., 2016

## २ ० १ ६

## नेपाली

तेस्रो पत्र

**( नेपाली कविता )**

**द्वितीयार्द्ध**

**( समदेखि ओकिउयामा ग्वाइनसम्म )**

*समय* : २ घण्टा *पूर्णाङ्क* : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. अगमसिंह गिरीका काव्यगत प्रवृत्ति केलाउँदै उनको 'जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि' कविताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

**अथवा**

प्रयोगवादी नेपाली कविताको विकासमा आयामेली कविहरूले पुऱ्याएका योगदानबारे चर्चा गर्दै कवि ईश्वरवल्लभको 'त्यो एक्लो वृक्षलाई' कविताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२. निम्नलिखित कुनै **दुईवटा** विषयमाथि समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'मेरो आमाले आत्महत्या गरेको देश' कविताको केन्द्रीय-कथ्य

(ख) 'फर्सीको जरा' कवितामा अन्तर्निहित विसङ्गतिवादी जीवनदृष्टि

(ग) कवि ओकिउयामा ग्वाइनका काव्य-वैशिष्ट्य

(घ) कविता र गीतमाझका साम्य-भेद

३. निम्नलिखित कुनै **पाँचवटा** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर **पाँचदेखि सात** वाक्यभित्र हुनुपर्छ : २×५=१०

(क) "युक्लिप्टसका रूखझैं नङ्ग्याइएको देख्छु"

प्रस्तुत कवितांश कुन पाठबाट लिइएको हो? यहाँ कविले के भन्न चाहेका छन्?

(ख) "गोपालप्रसाद रिमाल नेपाली साहित्यका पहिला सफल गद्यकवि हुनुहुन्छ।"

यो कथन कसको हो? कवि रिमाललाई 'पहिला सफल गद्यकवि' भनेर किन भनिएको हो?

(ग) प्रयोगवादी कविताका प्रमुख तीनवटा विशेषता लेख्नुहोस्।

(घ) कवितामा कथनपद्धति भन्नाले के बुझिन्छ? स्पष्ट पार्नुहोस्।

(ङ) 'बारुद र सेता परेवा' कवितामा 'परेवा' कुन कुराको प्रतीक हो? कविताको प्रसंगसहित प्रस्ट पार्नुहोस्।

(च) "म फर्सीको जरा हुँ पृथ्वी पक्रिरहेको"

प्रस्तुत कवितांश कुन कविताबाट उद्धृत गरिएको हो? कविले 'म फर्सीको जरा हुँ' भनेर के भन्न चाहेका हुन्?

(छ) 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविताको व्यङ्ग्यार्थ के हो?

(ज) "करोडौं मानिस बौद्ध भए
तर बौद्धत्व बुद्धसितै मऱ्यो"
यस कवितांशको तात्पर्य के हो? स्पष्ट पार्नुहोस्।

(झ) 'घाइते युग' कवितामा निहित भावार्थ के छ?

(ञ) 'कस्मै देवाय' कविताको केन्द्रीय भाव के हो?

★★★

# PG Part–I (DE) Exam., 2016

२ ० १ ६

## नेपाली

चौथो पत्र

( नेपाली गद्याख्यान )

प्रथमार्द्ध

( नेपाली कथा )

*समय* : २ घण्टा | *पूर्णाङ्क* : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. सानु लामाका कथामा पाइने मनोवैज्ञानिकता र आञ्चलिकता-बारे चर्चा गर्दै यिनै वैशिष्ट्यका आलोकमा उनको 'स्वास्नीमान्छे' कथाको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस्। २०

**अथवा**

शिवकुमार राईको कथारचनामा वस्तुचयन र पात्रप्रयोगमाथि प्रकाश पार्दै उनको 'माछाको मोल' कथामा मानवीय जिजीविषाको प्रस्तुति कसरी भएको छ, विवेचना गर्नुहोस्।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'दोषी चस्मा' कथाको सामाजिक र राजनैतिक परिप्रेक्ष्य

(ख) रूपनारायण सिंहका कथाको भाषा

(ग) 'तिउरीको फूल पाइरियाको गन्ध' कथाका नारी पात्रहरू

(घ) 'माउजङ बाबुसाहेबको कोट' कथाको वस्तुगत विवेचना

३. कुनै **पाँचवटा** विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सात** वाक्यभित्र हुनु आवश्यक छ : २×५=१०

(क) 'श्वेत भैरवी' कथामा भैरवीको साङ्केतिक अर्थ के हो? प्रसङ्ग बुझाएर लेख्नुहोस्।

(ख) 'प्रकृति पुत्री' कथाको शीर्षकले कस्तो तात्पर्यार्थ वहन गरेको छ?

(ग) धनमती कुन किसिमकी पात्र हो? उसको चारित्रिक विकासका आधारमा उत्तर लेख्नुहोस्।

(घ) 'छुट्ट्याइयो' कथामा छुट्ट्याइनाको मूल कारण के थियो? आफ्नो मन्तव्य पनि राख्नोस्।

(ङ) 'खेल' कथामा पाइने सांस्कृतिक सन्दर्भले कथाको गतिमा कस्तो प्रभावोत्पादन गरेको छ? दृष्टान्तसहित लेख्नुहोस्।

(च) 'जिम्मावारी कसको?' कथाको शीर्षकमा प्रयुक्त प्रश्न चिह्नले कस्तो कुरालाई सङ्केत गरेको छ? कसरी?

(छ) 'कालेकी आमा' कस्ती पात्र हो? उसको पात्रताको पृष्ठभूमिमा कस्तो दर्शन रहेको पाइन्छ?

(ज) नेपथ्य पात्र भन्नाले कस्तो पात्र बुझिन्छ? दृष्टान्तसहित कथामा यस्ता पात्र-प्रयोगको औचित्य बुझाउनुहोस्।

(झ) 'बिग्रेको बाहुन' कथामा व्यङ्ग्य कसरी व्यक्त छ? प्रस्ट पार्नुहोस्।

(ञ) नेपाली कथाको क्षेत्रमा 'शारदा' पत्रिकाको के महत्त्व छ? यसमा प्रकाशित दुईवटा कथाको सन्दर्भसहित आफ्नो उत्तर लेख्नुहोस्।

★★★

# PG Part–I (DE) Exam., 2016

२ ० १ ६

# नेपाली

## दोस्रो पत्र

## ( नेपाली साहित्यको इतिहास )

## द्वितीयार्द्ध

## ( आधुनिक नेपाली साहित्यको इतिहास )

*समय* : २ घण्टा | पूर्णाङ्क : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. आधुनिक नेपाली उपन्यासका स्वरूप र प्रवृत्तिगत विकासको समीक्षात्मक इतिहास लेख्नुहोस्। २०

**अथवा**

आधुनिक नेपाली निबन्धको प्रवृत्तिगत विकासबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) झर्रोवादी आन्दोलन र नेपाली भाषा

(ख) शास्त्रीयतावादका सैद्धान्तिक मान्यता

(ग) आधुनिक नेपाली कविताको स्वरूप र प्रवृत्ति

(घ) उत्तर-आधुनिक लेखन

३. **कुनै पाँचवटा** विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सात** वाक्यभित्र लेखिनु आवश्यक छ : २×५=१०

(क) प्रतीकवादका मूलभूत मान्यता

(ख) पारिज़ात

(ग) 'दस गोर्खा'

(घ) हरिप्रसाद गोर्खा 'राई'

(ङ) अतियथार्थवाद

(च) लीला लेखन

(छ) कवि वीरेन्द्र

(ज) 'दियालो'

(झ) हायमनदास राई 'किरात'

(ञ) मोहन-पुकार

★★★

# PG Part–I (DE) Exam., 2016

२ ० १ ६

# नेपाली

## तेस्रो पत्र

## ( नेपाली कविता )

## प्रथमार्द्ध

## ( प्रारम्भदेखि देवकोटासम्म )

*समय* : २ घण्टा | *पूर्णाङ्क* : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. 'कविता' भनेको के हो? कविता र काव्य-को भिन्नता स्पष्ट पारी सुवानन्द दासको 'पृथ्वीनारायण' कविताको भावपक्ष र शैलीपक्ष-बारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

**अथवा**

नेपाली कविताको सामाजिक र सांस्कृतिक पृष्ठभूमि स्पष्ट पारी 'उदय लहरी'-मा पाइने भक्तिको स्वरूप स्पष्ट पार्नुहोस्।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'तरुण तपसी'-मा प्रतीक योजना

(ख) गजलकारका रूपमा मोतिराम भट्ट

(ग) भानुभक्तीय 'रामायण'-मा नीतिशिक्षा

(घ) 'प्रमिथस' महाकाव्यमा मानववाद

३. कुनै **पाँचोटा** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर **पाँचदेखि सात** वाक्यभित्र लेख्नुपर्छ : २×५=१०

(क) "आफु ती नेवाऱ्या जाति बोल्छ ता ललित पारि" यो पङ्क्ति कुन पाठबाट निकालिएको हो? यसको अर्थ स्पष्ट पार्नुहोस्।

(ख) लेखनाथ पौड्यालकृत 'तरुण तपसी'-लाई किन नव्यकाव्य भनिन्छ?

(ग) 'सूक्तिसिन्धु' कविता संग्रहको ऐतिहासिक महत्त्व र मूल्य के छ?

(घ) "यसोदाजिका काखमाथी बस्याका
यताउति हेर्दै हँसी दूध पींदा"

यी पङ्क्ति कुन कविताबाट निकालिएका हुन्? कवितामा कसबारे चर्चा गरिएको हो?

(ङ) 'उदय लहरी' कस्तो काव्य हो? यसको महत्त्व के छ?

(च) भानुभक्तीय 'रामायण'को मौलिकता के-के हुन्?

(छ) मोतीराम भट्टकृत 'पिकदूत' कस्तो खण्डकाव्य हो?

(ज) “भ्रम् हो भन्नु पनि भन्या सब चेत् छ मेरा,
स्वप्ना कसो गरि भनू निद छैन मेरा॥
जो हो इ बात कहन्या उ अगाड़ि आई।
अम्रित् वचन् ति सब आज भनोस् मलाई॥”

प्रस्तुत पद्यांश कुन कविताबाट लिइएको हो? यसका कवि को हुन्?

(झ) कविताका गुणहरू ‘लालित्य, विचारको मौलिकता र सरसता हो’—भनेर कसले, कुन सन्दर्भमा भनेका हुन्?

(ञ) रस कति प्रकारका र के-के हुन्छन्? वीर रस-प्रधान कुनै एउटा नेपाली काव्यको नाम दिनुहोस्।

★ ★ ★

# PG Part–I (DE) Exam., 2016

## २०१६

## नेपाली

पाँचौँ पत्र

( नेपाली नाट्य साहित्य )

*समय :* २ घण्टा | *पूर्णाङ्क :* ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. 'मसान' नाटकको तात्त्विक अध्ययन प्रस्तुत गर्दै यसका प्रवृत्तिहरूको पनि उल्लेख गर्नुहोस्। २०

**अथवा**

आधुनिक नेपाली प्रयोगवादी नाटकका क्षेत्रमा मोहनराज शर्माको भूमिकाको उल्लेख गर्दै तिनको 'यमा' नाटकको प्रयोग पक्षको विश्लेषण गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) मनबहादुर मुखियाका एकाङ्कीको सम्वाद-शैली

(ख) 'भूसको आगो' नाटकमा द्वन्द्व पक्ष

(ग) 'भित्ते घड़ी' एकाङ्कीको संरचना एवं प्रवृत्ति

(घ) 'अन्धवेग' नाटकमा फ्रायडीय मनोविज्ञानको प्रभाव

३. कुनै **पाँचवटा** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर **पाँचदेखि सात** वाक्यभित्र हुनुपर्छ : २×५=१०

(क) 'शकुन्तला' नाटकमा कुम्भिलक को हो? उसको के भूमिका छ?

(ख) 'आहार्य अभिनय' भन्नाले के बुझिन्छ? अभिनय कति प्रकारका हुन्छन्?

(ग) विरहोत्कण्ठिता र अभिसारिका नायिका कसरी चिनिन्छन्?

(घ) 'एकालाप' भनेको के हो? कुन प्रकारको नाटकमा यसको प्रयोग हुन्छ?

(ङ) उप-रूपकका कतिवटा भेद छन्? छ-वटा उप-रूपकका नाम लेख्नुहोस्।

(च) 'माग' कस्तो एकाङ्की हो? आमा, छोरो र छोरी-का माग के-के छन्? उल्लेख गर्नुहोस्।

(छ) 'संयोग वियोग' एकाङ्कीमा घटित तीनवटा प्रमुख घटना उल्लेख गर्नुहोस्।

(ज) 'वीर बालक अभिमन्यु' एकाङ्कीको वस्तुस्रोत के हो?

(झ) 'जेमन्त' नाटकमा घटित हुने हास्यात्मक दुईवटा घटना के-के हुन्?

(ञ) 'भूसको आगो' नाटकमा भूसको आगोले के-के सङ्केत गरेको छ?

★ ★ ★

# PG Part–I (DE) Exam., 2016

## २०१६

# नेपाली

## पाँचौं पत्र

## ( नेपाली नाट्य साहित्य )

*समय :* २ घण्टा *पूर्णाङ्क :* ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. 'मसान' नाटकको तात्त्विक अध्ययन प्रस्तुत गर्दै यसका प्रवृत्तिहरूको पनि उल्लेख गर्नुहोस्। २०

**अथवा**

आधुनिक नेपाली प्रयोगवादी नाटकका क्षेत्रमा मोहनराज शर्माको भूमिकाको उल्लेख गर्दै तिनको 'यमा' नाटकको प्रयोग पक्षको विश्लेषण गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) मनबहादुर मुखियाका एकाङ्कीको सम्वाद-शैली

(ख) 'भूसको आगो' नाटकमा द्वन्द्व पक्ष

(ग) 'भित्ते घड़ी' एकाङ्कीको संरचना एवं प्रवृत्ति

(घ) 'अन्धवेग' नाटकमा फ्रायडीय मनोविज्ञानको प्रभाव

३. कुनै **पाँचवटा** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर **पाँचदेखि सात** वाक्यभित्र हुनुपर्छ : २×५=१०

(क) 'शकुन्तला' नाटकमा कुम्भिलक को हो? उसको के भूमिका छ?

(ख) 'आहार्य अभिनय' भन्नाले के बुझिन्छ? अभिनय कति प्रकारका हुन्छन्?

(ग) विरहोत्कण्ठिता र अभिसारिका नायिका कसरी चिनिन्छन्?

(घ) 'एकालाप' भनेको के हो? कुन प्रकारको नाटकमा यसको प्रयोग हुन्छ?

(ङ) उप-रूपकका कतिवटा भेद छन्? छ-वटा उप-रूपकका नाम लेख्नुहोस्।

(च) 'माग' कस्तो एकाङ्की हो? आमा, छोरो र छोरी-का माग के-के छन्? उल्लेख गर्नुहोस्।

(छ) 'संयोग वियोग' एकाङ्कीमा घटित तीनवटा प्रमुख घटना उल्लेख गर्नुहोस्।

(ज) 'वीर बालक अभिमन्यु' एकाङ्कीको वस्तुस्रोत के हो?

(झ) 'जेमन्त' नाटकमा घटित हुने हास्यात्मक दुईवटा घटना के-के हुन्?

(ञ) 'भूसको आगो' नाटकमा भूसको आगोले के-के सङ्केत गरेको छ?

★★★

# PG Part–I (DE) Exam., 2016

२ ० १ ६

# नेपाली

चौथो पत्र

( नेपाली गद्याख्यान )

द्वितीयार्द्ध

( नेपाली उपन्यास )

*समय* : २ घण्टा | *पूर्णाङ्क* : ५०

*उपान्तको अङ्क पूर्णाङ्कको द्योतक हुन्।*

१. नेपाली उपन्यासको विकासक्रममा देखापरेका मुख्य-मुख्य प्रवृत्ति र विशेषताको चर्चा गर्दै उपन्यासका संरचनात्मक तत्त्वका आधारमा विजय मल्लको 'अनुराधा' उपन्यासको विश्लेषण गर्नुहोस्। २०

**अथवा**

ध्रुवचन्द्र गौतमका उपन्यासमा पाइने मूल-मूल वैशिष्ट्यबारे लेखेर उनको 'अलिखित' उपन्यासमा चित्रित जनजीवन र परिवेशमाथि समीक्षात्मक विमर्श प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'सुम्निमा' उपन्यासको कथ्य र सुम्निमाको पात्रगत महत्त्व

(ख) 'शिरीषको फूल' उपन्यासको वैचारिक पक्ष र सकम्बरी

(ग) 'जुनेली रेखा' उपन्यासको शिल्प-संरचना

(घ) आधुनिक कालपूर्वका नेपाली गद्याख्यान

३. कुनै **पाँचवटा** विषयमा सङ्क्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी **पाँचदेखि सात** वाक्यभित्र हुनु आवश्यक छ : २×५=१०

(क) चरित्राङ्कन पद्धति

(ख) कथनी बुढियाको चरित्र

(ग) औपन्यासिक यथार्थ

(घ) दृश्यात्मक गति

(ङ) 'महाकाल जासुस'

(च) 'अलिखित'-को 'म' पात्र

(छ) खगप्रसाद

(ज) खलपात्रका वैशिष्ट्य

(झ) उपन्यासमा समय तत्त्वको स्थिति

(ञ) 'मुजुरा'-को प्रासङ्गिकता

★★★